# महिला उद्यमी महासंघ नेपालको सदस्यता सम्बन्धी निर्देशिका

कार्तिक २०७८

FWEAN

Scanned with CamScanner

# विषय सूचि


१. सदस्यता प्रकार ........................................३

क. संस्थापक सदस्य : ........................................३

ख. आजीवन सदस्य : ........................................३

ग. मानार्थ सदस्य : ........................................३

घ. साधारण सदस्य सहित अन्य सदस्यहरु : ........................................३

२. सदस्यता लिने प्रकृया ........................................४

२.१ आजीवन सदस्यताका लागि चाहिने प्रकृयाहरु : ........................................४

२.२ साधारण सदस्यताका लागि चाहिने प्रकृयाहरुः........................................५

२.३ फेलो सदस्यताका लागि चाहिने प्रकृयाहरु ........................................६

२.४ उदयमयी (Emerging) सदस्यताका लागि चाहिने प्रकृयाहहरुः........................................७

२.५ जिल्ला सदस्यताका लागि चाहिने प्रकृयाहरुः........................................८

३. सदस्यता अनुमोदन पकृया ........................................९

४. सदस्यता खारेजी सम्बन्धी व्यवस्था ........................................९

५. सदस्यले पालना गर्नपर्ने न्यूनतम सर्तहरु ........................................१०

६. पुरस्कृत हुनका लागि सदस्यहरुको मापदण्ड ........................................१०


Scanned with CamScanner

# महिला उद्यमी महांसघ नेपालको सदस्यता सम्बन्धी निर्देशिका

## १. सदस्यता प्रकार

संघका सदस्यहरुलाई देहाय बमोजिम चार प्रकारमा वर्गिकरण गरिएको छ ।

क. संस्थापक सदस्य

ख. आजीवन सदस्य

ग. मानार्थ सदस्य

घ. साधारण सदस्य सहित अन्य सदस्यहरु

**क. संस्थापक सदस्य :**

यस महासंघ दर्ता हुँदाको बखतका पदाधिकारीहरु महासंघको संस्थापक सदस्य हुनेछन् । यस बमोजिमका संस्थापक सदस्यहरुको शुल्क लाग्ने छैन, तर मताधिकार रहनेछ ।

**ख. आजीवन सदस्य :**

महासंघको विकासका लागी विशेष योगदान पुर्‍याउने महिला तथा कार्य समिति वा उपसमितिमा कम्तीमा २ (दुई) सकृय कार्यकाल पुरा गरेको महिला उद्यमीलाई तोकिएको प्रकृया अन्तर्गत सदस्यता शुल्क कार्यसमितिले निर्धारण गरी उक्त सदस्यता शुल्क प्राप्त गरी महासंघको आजिवन सदस्यता प्रदान गरिनेछ ।

**ग. मानार्थ सदस्य :**

महासंघले उपयुक्त ठहर गरेको विशिष्ठ महिला समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई महासंघको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ तर, मानार्थ सदस्यहरुको मताधिकार रहने छैन । मानार्थ सदस्य पनि महासंघको आजिवन सदस्य हुनेछ ।

**घ. साधारण सदस्य सहित अन्य सदस्यहरु :**

**१. साधारण सदस्य**

महांसघको विधानको दफा ७ बमोजिम योग्यता पुगेको नेपाल सरकारको कुनै पनि निकायमा दर्ता गरी आफ्नै, पारिवारीक वा सामुहिक लगानीमा उद्योग तथा व्यापार सञ्चालन गरी निर्णायक तहमा संलग्न उद्यमी व्यवसायी महिला तथा महिला उद्यमीका संघ संस्थाहरुले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेर महासंघको सदस्यता प्राप्त गर्न सकिनेछ । यसरी सदस्यता प्राप्त व्यक्ति तथा संस्था महासंघको साधारण सदस्य हुनेछ ।

Scanned with CamScanner

साधारण सदस्यताको लागि मापदण्ड़ नपुगेका तर भविष्यमा अपग्रेड हुन इच्छुक संभावना बोकेका महिला उद्यमीहरुलाई समेट्ने हेतुले महासंघले निम्न किसिमका सदस्यताको पनि व्यवस्था गरेको छ ।

२. फेलो सदस्य

विशेषगरी उद्योग दर्ता गरेको कम्तीमा २ वर्ष भएको, चालू पुँजी कम्तीमा पनि १० लाख भएको र आफ्नो व्यवसायलाई केहि वर्षमा नै अगाडि बढ़ाई साधारण सदस्य बन्ने संभावना बोकेका महिला उद्यमीहरु फेलो सदस्यताको लागि योग्यता पुगेको मानिनेछ ।

३. उदयमयी (Emerging) सदस्य

उदयमयी सदस्य भन्नाले "स्टार्टअप" महिला उद्यमी जसको व्यवसाय सञ्चालनको पहिलो चरणमा रहेको छ भनेर बुझ्न सकिन्छ । कुनैपनि उत्पादन वा सेवाको माग छ भन्ने विस्वासका साथ त्यसको विकास गरी आफ्नो स्टार्टअप व्यवसायलाई अगाडि बढाउन चाहने महिला उद्यमीहरु यस सदस्यता अन्तर्गत पर्दछन ।

४. जिल्ला सदस्य

महिला उद्यमी महासंघ नेपालको विधानमा (दफा १ - ख, ४ - ग) तथा सदस्यता सम्वन्धी व्यवस्था भए अनुरुप, जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी, जिल्ला महिला उद्यमी संघको रुपमा महासंघको स्विकृती लिएर स्थापित संघहरुलाई सदस्य मानिनेछ ।

## २. सदस्यता लिने प्रकृया

महिला उद्यमी महांसघ नेपालमा सदस्यता लिनको लागि आवश्यक योग्यता प्रकृयाहरु निम्न प्रकारका छन् :

### २.१ आजीवन सदस्यताका लागि चाहिने प्रकृयाहरु :

२.१.१ १० वर्ष महिला उद्यमी महांसघ नेपाल, महिला उद्यमी सघं ललितपुर र वीन को-अपरेटिभमा सक्रिय भई कार्य गरेको हुनुपर्ने ।

२.१.२. आजीवन सदस्यको शुल्क रु. २५००० लाग्नेछ । तर यहाँ जेसुकै लेखिएता पनि शुल्क जहिले प्रनि जति सुकै पनि थप गर्न सकिनेछ ।

२.१.३. आजीवन सदस्यले आफ्नो संस्था नविकरण गरेको हुनुपर्नेछ ।

२.१.४. सदस्य वन्न इच्छुक महिला उद्यमी नेपाली नागरिक हुनुपर्ने ।

२.१.५. आजीवन सदस्यताका लागि महिला उद्यमी महांसघको कार्य समितिले मुल्यांकन गरी सदस्यता दिईने ।

Scanned with CamScanner

२.१.६.	आजीवन सदस्यले आफ्नो संस्था नविकरण गरेको कागजात पेश गर्नुका साथै महासंघमा पनि सदस्यता नविकरण गरेको हुनुपर्नेछ ।

## २.२ साधारण सदस्यताका लागि चाहिने प्रकृयाहरुः

२.२.१ महिला उद्यमीहरुले मात्र यस महांसघमा सदस्यता पाउनेछन् ।

२.२.२ महासंघको सदस्य हुन नेपाल सरकारको कुनै पनि निकायमा दर्ता गरी आफ्नै, पारिवारिक वा सामुहिक लगानीमा उद्योग तथा व्यापार व्यवसाय सन्चालन गरी निर्णायक तहमा संलग्न उद्यमी व्यवसायी महिला तथा महिला उद्यमीका संघ संस्था हुनपर्नेछ ।

२.२.३ उद्योग दर्ता गरेको कम्तीमा ३ वर्ष भएको हुनुपर्ने ।

२.२.४ चालु पुजी २५ लाख भएको हुनुपर्ने ।

२.२.५ नेपाली नागरिक हुनुपर्ने ।

२.२.६ १८ वर्ष उमेर पुरा गरेको ।

२.२.७ सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

२.२.८ नैतिक पतन देखिने फौजदारी र भ्रष्ट्राचारको अभियोगमा सजाय नपाएको हुनुपर्ने ।

२.२.९ कालो सुचीमा नभएको हुनुपर्ने ।

२.२.१० मानसिक सन्तुलन ठिक भएको हुनुपर्ने ।

२.२.११ राजनीतिक रूपमा आबद्ध वा राजनितिक टिकट नलिएको हुनुपर्ने ।

- **साधारण सदस्यता शुल्क**

| | |
|---|---|
| दर्ता : | रु. १०,००० |
| वार्षिक शुल्क : | रु. ६,००० |

- **आवश्यक कागजातपत्रहरु :**

महिला उद्यमी महासंघमा साधारण सदस्यताको लागि आवेदन दिदाँ निम्न कागजात अनिवार्य रुपमा आवेदन फार्म साथमा पेश गर्नुपर्नेछ ।

१. कम्पनी दर्ता प्रमाणपत्रको फोटोकपी १ ।

Scanned with CamScanner

२. प्यान दर्ता प्रमाणपत्रको फोटोकपी १ ।

३. नागरिकता प्रमाणपत्रको फोटोकपी १ ।

४. पासपोर्ट साइजको फोटो २ वटा ।

५. नविकरण गरेको कागजात ।

६. कम्पनी आफ्नै नाममा दर्ता नभएको खण्डमा कम्पनीको निर्णायक पदमा रहेको पत्र ।

## २.३ फेलो सदस्यताका लागि चाहिने प्रकृयाहरु

२.३.१ महिला उद्यमीहरुले मात्र यस महांसघमा सदस्यता पाउनेछन् ।

२.३.२ महासंघको सदस्य हुन नेपाल सरकारको कुनै पनि निकायमा दर्ता गरी आफ्नै, पारिवारिक वा सामुहिक लगानीमा उद्योग तथा व्यापार व्यवसाय सञ्चालन गरी निर्णायक तहमा संलग्न उद्यमी व्यवसायी महिला तथा महिला उद्यमीका संघ संस्था हुनपर्नेछ ।

२.३.३ उद्योग दर्ता गरेको कम्तीमा ३ वर्ष भएको हुनुपर्ने ।

२.३.४ चालु पुँजी कम्तीमा पनि १० लाख भएको हुनुपर्ने ।

२.३.५ नेपाली नागरिक हुनुपर्ने ।

२.३.६ १८ वर्ष उमेर पुरा गरेको ।

२.३.७ सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

२.३.८ नैतिक पतन देखिने फौजदारी र भ्रष्ट्राचारको अभियोगमा सजाय नपाएको ।

२.३.९ कालो सुचीमा नभएको हुनुपर्ने ।

२.३.१० मानसिक सन्तुलन ठिक भएको हुनुपर्ने ।

२.३.११ राजनीतिक रूपमा आबद्ध वा राजनितिक टिकट नलिएको हुनुपर्ने ।

२.३.१२ यस सदस्यहरुले मताधिकार (voting rights) पाउने छैन ।

Scanned with CamScanner

- **फेलो सदस्यता शुल्क :**

| | |
|---|---|
| दर्ता : | रु. १०,००० |
| वार्षिक शुल्क : | रु. ४,००० |

- **आवश्यक कागजातपत्रहरु :**

महिला उद्यमी महासंघमा फेलो सदस्यताको लागि आवेदन दिदाँ निम्न कागजात अनिवार्य रुपमा आवेदन फार्म साथमा पेश गर्नुपर्नेछ ।

१. कम्पनी दर्ता प्रमाणपत्रको फोटोकपी १ ।

२. प्यान दर्ता प्रमाणपत्रको फोटोकपी १ ।

३. नागरिकता प्रमाणपत्रको फोटोकपी १ ।

४. पासपोर्ट साइजको फोटो २ वटा ।

५. नविकरण गरेको कागजात ।

६. उद्योग दर्ता गरेको कम्तीमा ३ वर्ष भएको हुनुपर्ने ।

## २.४ उदयमयी (Emerging) सदस्यताका लागि चाहिने प्रकृयाहहरु:

२.४.१ महिला उद्यमी हुनुपर्ने ।

२.४.२ आफनै नाममा उद्योग दर्ता भएको हुनुपर्ने ।

२.४.३ नेपाली नागरिक हुनुपर्ने ।

२.४.४ सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

२.४.५ नैतिक पतन देखिने फौजदारी र भ्रष्ट्राचारको अभियोगमा सजाय नपाएको ।

२.४.६ कालो सुचीमा नभएको हुनुपर्ने ।

२.४.७ मानसिक सन्तुलन ठिक भएको हुनुपर्ने ।

२.४.८ यस सदस्यहरुले मतदानको अधिकार पाउने छैन ।

२.४.९ राजनीतिक रूपमा आबद्ध वा राजनितिक टिकट नलिएको हुनुपर्ने ।

Scanned with CamScanner

- **इमर्जिंग सदस्यता शुल्क :**

| | |
|---|---|
| दर्ता : | रु.१०,००० |
| वार्षिक शुल्क : | रु. ३,००० |

- **आवश्यक कागजातपत्रहरु :-**

१. कम्पनी दर्ता प्रमाणपत्रको फोटोकपी १ ।

२. प्यान दर्ता प्रमाणपत्रको फोटोकपी १ ।

३. नागरिकता प्रमाणपत्रको फोटोकपी १ ।

४. पासपोर्ट साइजको फोटो २ वटा ।

५. नवीकरण गर्नुपर्ने खण्डमा नविकरण गरेको कागजात ।

## २.५ जिल्ला सदस्यताका लागि चाहिने प्रकृयाहरुः

२.५.१ कम्तिमा पनि नौ जना उद्यमी महिलाहरु भएको प्रबन्ध समिती (Adhoc Committee) हुनु पर्दछ । जसमा अध्यक्ष - १, उपाध्यक्ष - १, कोषाध्यक्ष - १, सचिव - १ का साथै ५ जना सदस्यहरु रहने छन । यो समिती ६ महिनाको मात्र रहने छ ।

२.५.२ प्रत्येक उद्यमी महिलाहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

२.५.३ प्रत्येक उद्यमी महिलाहरुको उद्योग (ब्यवसाय) दर्ता गरिएको प्रमाण पत्रको प्रतिलिपी ।

२.५.४ संस्थाको वैठकले महिला उद्यमी संघ खोली पाउँ भन्ने सम्बन्धमा निर्णय गरिएको ।

२.५.५ संस्थाको वैठकले निर्णय गरिएको सम्बन्धित जिल्लाको महिला उद्यमी संघ नेपाल महिला उद्यमी महासंघ नेपालको कार्यालयमा आवद्ध गराई पाउँ भन्ने माईन्यूटको प्रतिलिपी ।

२.५.६ यी सबै कुराहरु राखी महिला उद्यमी महासंघ नेपालमा आवद्ध हुन पाउँ भनी निवेदन पठाउनु पर्ने ।

Scanned with CamScanner

२.५.७ निवेदन र यी आवश्यक कागजातहरु महिला उद्यमी महासंघ नेपालमा प्राप्त भएपछि महासंघको वैठकमा छलफल गरिनेछ र वैठकबाट सम्बन्धित जिल्लामा महिला उद्यमी संघ नेपाल खोल्न स्वीकृती प्रदान गरिनेछ ।

२.५.८ त्यस पछि महिला उद्यमी महासंघ नेपालले सम्बन्धित जिल्लामा महिला उद्यमी संघ नेपाल खोल्न र जिल्ला प्रशासन कार्यालयमा दर्ता गराउन महासंघको तर्फबाट आवश्यक कागजातहरु साथै महिला उद्यमी संघ नेपालको विधानको एक प्रतिलिपी प्रदान गरिनेछ ।

२.५.९ संस्था दर्ता भएपछि प्रमाण पत्रको एक प्रतिलिपी र जिल्ला प्रशासन कार्यालयबाट स्वीकृती प्रदान गरेर विधानको सकल एक प्रति आवश्यक कारवाहिका लागि महिला उद्यमी महासंघ नेपालमा पेश गरिनेछ ।

- **जिल्ला सदस्यता शुल्क :**

| | |
|---|---|
| वार्षिक शुल्क : | रु. ३,००० |

## ३. सदस्यता अनुमोदन पकृया

संस्थापक सदस्य, आजीवन सदस्य, मानार्थ सदस्य र जिल्ला सदस्य बाहेकका अरु सबै माथि उल्लेखित सदस्यहरुको हकमा अनुमोदन प्रक्रिया निम्न रहनेछ ।

३.१ सदस्यताको लागि प्रकृया पुगेका र सबै चाहिने कागजात पेश गरेका आवेदकहरूको उद्योग भ्रमण गरिसकेपछि, मुल्यांकन गरी मात्र सदस्यताको लागि योग्य वा अयोग्य ठहरिने छ ।

३.२ भ्रमण र मूल्याङ्कन पश्चात सदस्यताका लागि प्रकृया पुगेका र सबै चाहिने कागजात पेश गरेका आवेदकहरूको नामावली र विवरण सदस्यता समितिले कार्यकारी समितिमा पेश गर्नेछ र समितिको सिफारिसमा कार्यकारी समितिले सदस्यता अनुमोदन गर्नेछ ।

३.३ कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईनेछ ।

## ४. सदस्यता खारेजी सम्बन्धी व्यवस्था

४.१ कुनै व्यक्ति तथा संघहरुलाई यस महासंघको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि महासंघले निजलाई सो कुराको सुचना दिई, सफाईको सबुत पेश गर्ने मौका दिईनेछ ।

Scanned with CamScanner

४.३ कार्य समितिले उपयुक्त ठहराएमा सदस्यता खारेज भएका वा परित्याग गरेका वा निलम्बनमा परेका सदस्यलाई उपयुक्त जरिवाना लिई पुनः सदस्यता दिन वा निलम्बन फुकुवा गर्न सकिनेछ ।

## ५. सदस्यले पालना गर्नपर्ने न्यूनतम सर्तहरु

५.१ हरेक सदस्य र संघले प्रत्येक वर्षको असार महिनाको मसान्त भित्र महासंघको सदस्यता नविकरण गराई सक्नुपर्नेछ । असार मसान्त उपरान्त ३५ दिन भित्र पनि महासंघको सदस्यता नविकरण नगराएमा त्यस्ता सदस्य र संघले सोही आर्थिक वर्ष भित्र, वार्षिक साधारण सभा अगावै रु. १,००० जरिवाना तिरी नविकरण गर्न सकिनेछ ।

५.२ माथि उल्लेख मापदण्ड अनुरूप नविकरण नगरिएमा, महासंघको मताधिकार प्राप्त सदस्य वा संघको मताधिकार रहनेछैन ।

५.३ सबै सदस्यहरुले यस महासंघको विधान र त्यस विधान अन्तर्गत बनेका नियम र विनियम बमोजिम भएको व्यवस्थाको पूर्णरुपले पालना गर्नुपर्नेछ ।

५.४ महासंघका सदस्यहरुले कुनै पनि बखतमा संस्थाको मर्यादा र प्रतिष्ठामा आँच आउने कुनै पनि गतिविधिहरु गर्न बन्देज गरिएको छ ।

## ६. पुरस्कृत हुनका लागि सदस्यहरुको मापदण्ड

६.१ Manufacturer भएको हुनुपर्ने ।

६.२ उद्योग दर्ता भएको हुनुपर्ने ।

६.३ उद्योग नविकरण भएको हुनुपर्ने ।

६.४ महासंघमा पनि नविकरण भएको हुनुपर्ने ।

६.५ महासंघमा सक्रिय सदस्य हुनुपर्ने ।

६.६ १० जना सम्म व्यक्तिलाई आफनो उद्योगमा रोजगारी दिएको हुनुपर्ने ।

६.७ महासंघमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गरेको हुनुपर्ने ।

- **मुल्याङ्कनको लागि**
  - फ्याक्ट्री visit गरिन्छ ।
  - नविकरण भएको कागजात महिला उद्यमी महासंघ नेपालमा पेशगर्नु पर्नेछ ।
  - रोजगारीको हाजिर कापीको प्रतिलिपी महिला उद्यमी महासंघ नेपालमा पेशगर्नु पर्नेछ ।

Scanned with CamScanner

## ५ संस्थागत सदस्यताका लागि चाहिने प्रकृयाहरु:

५.५.१ महिला उद्यमीहरुका लागि उद्यमशिलता विकासमा क्रियाशिल भएर काम गर्ने संस्थाहरुलाई मात्र यस महासंघमा सदस्यता पाउनेछन् ।

५.५.२ महासंघको संस्थागत सदस्य हुन नेपाल सरकारको निकायमा विधिवत दर्ता गरी नविकरण गरेको हुनुपर्नेछ ।

५.५.३ संस्था दर्ता गरेको कम्तीमा ३ वर्ष भएको हुनुपर्ने ।

५.५.४ भ्रष्ट्राचारको अभियोगमा सजाय नपाएको हुनुपर्ने ।

५.५.५ कालो सुचीमा नाम नभएको हुनुपर्ने ।

५.५.६ कुनै पनि राजनीतिक पार्टीमा आबद्ध नभएको हुनुपर्ने ।

- **संस्थागत सदस्यता शुल्क**

| | |
|---|---|
| दर्ता : | रु. १०,००० |
| वार्षिक शुल्क : | रु. १०,००० |

- **आवश्यक कागजातपत्रहरु :**

महिला उद्यमी महासंघमा संस्थागत सदस्यताको लागि आवेदन दिंदा निम्न कागजात अनिवार्य रुपमा आवेदन फार्मका साथमा पेश गर्नुपर्नेछ ।

१. **नविकरण गरेको** कम्पनी दर्ता प्रमाणपत्रको फोटोकपी १ ।

२. प्यान वा भ्याट दर्ता प्रमाणपत्रको फोटोकपी १ ।

३. कार्यसमितिको नागरिकता प्रमाणपत्रको फोटोकपी १ ।

४. कार्यसमितिको पासपोर्ट साइजको फोटो २ वटा ।

५. लेखा परिक्षण प्रतिवेदनको फोटोकपी १ ।

६. कर चुक्ताको फोटोकपी १ ।

६. महिला उद्यमी महासंघका कुनै पनि साझेदारी संस्था या कुनै प्रतिष्ठित संस्थाको सिफारिस ।

७. संस्थागत विवरण अनिवार्य पेश गर्नुपर्नेछ ।

८. संस्थागत सदस्यता दिने वा नदिने अन्तिम निर्णय महासंघका कार्यसमितिले गर्नेछ ।

Scanned with CamScanner

# महिला उद्यमी महासंघ नेपालको सदस्यता सम्बन्धी निर्देशिका

कार्तिक २०७८

FWEAN

Scanned with CamScanner